# खोटेहाङ गाउँपालिका स्थानीय प्रहरी सेवा ऐन, २०७९

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ

# स्थानीय प्रहरी सेवा ऐन, २०७९

**प्रस्तावना :-**

खोटेहाङ गाउपालिका क्षेत्रभित्र सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी प्रचलित कानून बमोजिम तथा गाउँपालिकाबाट समय समयमा हुने निर्णय र प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजिकरण गर्न नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम खोटेहाङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाईएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस ऐनको नाम "स्थानीय प्रहरी सेवा ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन खोटेहाङ गाउँपालिका भर लागु हुने छ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुने छ ।

२. **परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले खोटेहाङ गाउँपालिकाको स्थानीय प्रहरी ऐनलाई सम्झनु पर्दछ ।

(ख) कार्यपालिका भन्नाले खोटेहाङ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "मुख्य कार्यालय" भन्नाले खोटेहाङ गाउँपालिकाको कार्यालय रहेको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) "समिती" भन्नाले खोटेहाङ गाउँपालिकाको पदपुर्ति समितिलाई सम्झनु पर्दछ ।

(ङ) "प्रहरी अधिकृत" भन्नाले प्रहरी निरीक्षक वा सो भन्दा माथिको प्रहरी अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "प्रहरी कर्मचारी" भन्नाले खोटेहाङ गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(छ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषदलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## स्थानीय प्रहरीको गठन, रेखदेख, संचालन र नियन्त्रण

३. **स्थानीय प्रहरी सेवाको गठन:-** (१) गाउँपालिकामा गाउँ कार्यापालिका अन्तर्गत एक प्रहरी सेवा समुह रहनेछ । स्थानीय प्रहरी सेवाको गठन र स्थानीय प्रहरी कर्मचारीको संख्या कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४. **गाउँपालिकामा रहने स्थानीय प्रहरीको पद र तह:-**

(१) गाउँपालिकामा तोकेको पद र तह रहनेछन ।

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरण सम्बन्धित पदको काम कर्तव्य उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिने छ ।

(३) स्थानीय प्रहरीको प्रमुख लगायत स्थानीय प्रहरी कर्मचारीहरुको कर्तब्य र अधिकार तोकिए बमोजिम हनेछ ।

५. **गाउँपालिकामा रहने स्थानीय प्रहरीको पद र तह**

(क) गाउँपालिकामा रहने स्थानीय प्रहरीको पद र तह कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(ख) गाउँपालिकाले प्रत्येक पदको कार्यविवरण बनाउने छ र त्यस्तो कार्यविवरणमा सम्बन्धित पदको काम कर्तब्यको उत्तरदायित्व समेत उल्लेख गरिने छ ।

(ग) स्थानिय प्रहरी प्रमुख लगायत स्थानिय प्रहरी कर्मचारीहरुको काम कर्तव्य र अधिकार स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम हुने छ ।

## परिच्छेद - ३

## स्थानीय प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

६. **स्थानीय प्रहरी कर्मचारीको कर्तब्य र अधिकार :-**

(१) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने गराउने ।

(२) गाउँपालिकाको सम्पतिको सुरक्षा र संरक्षण गर्ने ।

(३) गाउँपालिका क्षेत्र भित्रको स्थानीयस्तरमा हुने सभा समारोह परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थाप गर्ने ।

(४) गाउँपालिका क्षेत्र भित्रको स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(५) गाउँपालिकाको न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने गराउने ।

(६) गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने ।

(७) गाउँपालिकामा पर्ने विपत व्यवस्थापन सम्बन्धी खोजी उधार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्ने ।

(८) गाउँपालिकाका भित्रको बजार क्षेत्रमा अनधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण गर्ने ।

(९) छाडा पशु चौपायाहरुलाई पक्राउ गरी लिलाम विक्री गर्ने । लिलाम विक्री हुन नसकेको छाडा पशु चौपायाको व्यवस्थापन गर्ने गराउने ।

(१०) गाउँपालिकाका क्षेत्र भित्र अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(११) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद - ४

## प्रहरी सेवामा तह विभाजन र पदपूर्ति

**७. पद सृजना तथा दरबन्दी खारेज :-**

(१) गाउँपालिकामा रहने स्थानीय प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सृजना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) गाउँपालिकामा रहने प्रहरीको पद सृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण मौज्जुदा दरबन्दीले थप गरेको कार्य बोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) आवश्यक अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानून बमोजिम संस्थागत सेवा करार मार्फत स्थानिय प्रहरीको सेवा लिन सक्नेछ ।

(४) स्थानिय प्रहरी पद स्थायी हुने छैन् ।

(५) वडा कार्यालयहरुमा समेत स्थानिय प्रहरीको क्रमश व्यवस्था गरीने छ ।

**८. स्थानीय प्रहरीहरुको शुरु नियुक्ती हुने पदहरु :-**

स्थानीय प्रहरीको देहाएका पदहरु खुल्ला प्रतियोगिता द्वारा पुर्ती गरी नियुक्ती हुनेछ र अन्य पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(१) स्थानीय प्रहरी निरीक्षक

(२) स्थानीय प्रहरी सहायक निरीक्षक

(३) स्थानीय प्रहरी जवान

(४) स्थानीय प्रहरी सहयोगी

**९. स्थानीय प्रहरीहरुको नियुक्ति गर्ने अधिकारी :-**

पदपूर्ति समितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्थानीय प्रहरीको नियुक्ती प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

**१०. पदपूर्ति गर्ने :-**

(क) स्थानीय प्रहरी सहायक निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगिताको योगयता अनुसूची -१ बमोजिम हुने छ ।

(ख) स्थानीय प्रहरी हवल्दार पदको लागि हुने खुल्ला प्रतियोगिताको योगयता अनुसूची -२ बमोजिम हुने छ ।

(ग) स्थानीय प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगिताको योगयता अनुसूची -३ बमोजिम हुने छ ।

(घ) स्थानीय प्रहरी सहयोगि (ब.का.सी) पदको लागि हुने खुल्ला प्रतियोगिताको योगयता अनुसूची -४ बमोजिम हुने छ ।

**११. पदपूर्ति समिति :** कार्यपालिकाबाट पदपूर्ति समिति गठन हुनेछ । स्थानीय प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**१२. पदपूर्ति समितिको काम, कर्तब्य र अधिकार:** पदपूति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) दफा ७ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताकोलागि पाठ्यक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्ति संग सम्बन्धीत अन्य कायम गर्ने

(झ) पदपूर्ति समितिले स्थानीय प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्ने छ ।

## १३. योगयताक्रम सूची तयार गर्ने

(क) उम्मेदवारहरुले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रमानुसार बैकल्पिक उम्मेदवार राखिनेछ ।

(ख) सिफारिस गरिएको व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियूक्तिका लागि पेश गर्नेछ ।

(ग) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस (३५) दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ ।

(घ) निर्णय भएको मितिले सात (७) दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ ।

(ङ) वैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वत : खारेज हुनेछ ।

## १४. ज्येष्ठताक्रम कायम गर्ने:-

(क) स्थानीय प्रहरी निरीक्षक र स्थानीय प्रहरी निरीक्षकको ज्येष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(ख) वहालवाला स्थानीय प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

१५. **परिक्षणकालमा राखिने** :- नयाँ नियुक्ति गरिएका स्थानीय प्रहरी कर्मचारीलाई तिन (३) महिनाको परीक्षणकालमा राखिनेछ । सो अवधिमा स्थानीय प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा स्थानीय कार्यपालिकको निर्णय बमोनिम प्रमुख प्रशासकिय अधिकृतले करार भंग गर्न सक्नेछन् ।

१६. **नियुक्ति सदर** :- परीक्षण कालमा रहेको स्थानीय प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको झण्डा र स्थानीय गाउँपालिकाको झण्डा सामु सपथग्रहण गराइ प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद ५

## आचरण

१७. **दान उपहार लिन नहुने** :- स्थानीय प्रहरीले गाउँपालिकाको पूर्व स्वीकृत बिना स्वदेशी तथा विदेशी संघ सस्था, निकाय वा व्यक्ति कसैब्राट कुनै प्रकारको दान, बक्स, पुरस्कार कोसेली र उपहार स्वीकृत गर्नु हुदैन ।

१८. **चन्दा लिन नहुने** :- कुनै स्थानीय प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुदैन ।

१९. **सम्पत्तिको विवरण पेश गर्नुपर्ने** :- स्थानीय प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन (३) महिनाभित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ ।

२०. **व्यापार व्यवसाय गर्न नहुने** :- स्थानीय प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृती वेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुदैन ।

२१. **कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुने** : स्थानीय प्रहरी कर्मचारीले गाँउपालिका द्वारा अथवा विशेष पमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेका बा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुँदैन ।

२२. **रेडियो विद्युतिय संचार वा पत्रपत्रिकासंग सम्पर्क राख्न नहुने :-** (१) स्थानीय प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडिया विद्युतिय संचार वा प्रत्रपत्रिकाद्वारा प्रसारण गर्न हुदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायीक विषयको भएमा यस्तो स्वीकृती लिइरहनु पर्दैन ।

(२) उपदफा)१) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात आफ्नो संगठनलाई सो को पूर्ण विवरण बारे जानकारी गराउनु पर्छ ।

२३. **गाउँपालिकाको आलोचना :** स्थानीय प्रहरी कर्मचारीले गाउँपालिकाको नीतिको विपरित अथवा गाँउपालिका र गाउपालिकामा आँच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्ने गर्नुहुदैन ।

२४. **निर्वाचनमा भाग लिन नहुने:** स्थानीय प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दल निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२५. **राजनीतिमा भाग लिन नहुने :** स्थानीय प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो संग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन ।

२६. **समय पालन र नियमितता :** स्थानीय प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनु पर्दछ र स्वकिृत गराएर मात्र विदामा बस्तुपर्नेछ ।

२७. **अनुशासन र आज्ञापालन :**

(क) स्थानीय प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

(ख) स्थानीय प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नु पर्नेछ ।

(ग) स्थानीय प्रहरी कर्मचारीले Chain of Command मा रही कार्य सम्पादन गर्नु पर्नेछ ।

२८. **बाहिरी प्रभाव पार्न नहुने :** स्थानीय प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

२९. स्थानीय प्रहरी कर्मचारीले नेपाल सरकार विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन ।

३०. **लैंगिक संवेदनशिल हुनुपर्ने :-** कुनै पनि स्थानीय प्रहरी कर्मचारी लैंगिक संवेदनशिल रहनुपर्नेछ ।

३१. **हातपात वा जोरजुलुम गर्न नहुने :-** कुनै पनि स्थानीय प्रहरी कर्मचारीले आफु भन्दा माथिल्लो वा मातहत स्थानीय प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुदैंन ।

परिच्छेद ६

## सजाय र पुनरावेदन

३२. **सजाय :-** मनासिव माफिकको आधार प्रमाण भएमा स्थानीय प्रहरी कर्मचारीलाई देहायको सजाय हुन सक्नेछ ।

(क) शारीरिक थकाई हुने -फटिक) सजाय गर्ने ।

(ख) नसिहत दिने ।

(ग) तलब बृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(घ) लापरवाहीको कारण गाउँपालिकालाई हानी नोक्सारी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ ।

(ङ) एक तह तलको पदमा घटुवा गर्ने ।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

३३. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** स्थानीय प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चाल चलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

३४. **तलब बृद्धि वा पदोन्नति रोक्ने :** स्थानीय प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

३५. **दर्जा र तलब घटाउने :** कुनै स्थानीय प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र गाउपालिकालाई हानि नोक्सानी पुर्‍याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा ।

(ग) आचरण उल्लंघन गरेमा ।

(घ) मनाशिव कारण नभई नियुक्ति भएको एक बर्ष भित्र नोकरीबाट अलग हुन कारण झुठ्ठा देखाएमा ।

(ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**३६. सजाय सम्बन्धी कार्यविधि :**

(क) स्थानीय प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हनेछ ।

(खं) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित स्थानीय प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्ने छ ।

(ग) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको स्थानीय प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वत: निलम्बित हुनेछ ।

(घ) दफा ३५ बमोजिम सजायको प्रकृया अवलम्बन गर्नु पूर्व स्थानीय प्रहरी कर्मचारीलाई सफाईको मौका दिनुपर्ने छ ।

(ङ) फौजदारी अभियोग लागेको स्थानीय प्रहरी कर्मचारीले अभियोगबाट सफांई पाएमा निज पुर्ववत: सेवा सुविधा पाउने छ ।

**३७. सजायको आदेश जाँचबुझको लागि दिने :** काम समाप्त भएपछि सम्बन्धित स्थानीय प्रहरी कर्मचारीलाई निजसंग स्पष्टीकरण मागिएकसो भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजलेदिएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद - ७

## पोशाक

३८. स्थानीय प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण कार्यकारी अधिकृतले तोके बमोजिम हुने छ ।

३९. **प्रारम्भिक पोशाक र सामान** : प्रत्येक स्थानीय प्रहरी कर्मचारीलाई अनुसूचिमा तोके बमोजीमको पोशाक र सामान उपलब्ध गराइने छ ।

४०. **जाडो मौसमका लागि दिईने पोशाक** : प्रत्येक स्थानीय प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक नि:शुल्क दिइनेछ ।

४१. **सेरोमोनियल पोशाक** : अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइने छ ।

४२. **तयारी पोशाकको सुविधा** : स्थानीय प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलब्ध गराइने छ ।

४२. **स्थानीय प्रहरीको पोशाक सट्टा भर्ना** : स्थानीय प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा स्थानीय प्रहरी प्रमुखले पेश गरे बमोजिम सट्टा गरी नयाँ दिइनेछ ।

## परिच्छेद - ८

## बिबिध

४३. **पुरस्कार तथा प्रोत्साहन** : गाँउपालिकाका पदाधिकारीहरुले आफ्नु मातहतका कर्मचारीहरुले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्य गरेमा त्यस्तो स्थानीय प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रुकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

४४. **चाडपर्व खर्च पाउने** : स्थानीय प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम बर्षको एक पटक चाडपर्व खर्चको रुपमा पाउने छ ।

४५. **बाधा अड्काउ फुकाऊ** : स्थानीय प्रहरी कर्मचारीहरुको सेवा, सर्त सुविधा र संचालन यस ऐन मा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ॥

४६. **नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार** : यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागु गर्न सक्नेछ ।

४७. **ऐन संशोशन** : यस ऐनमा आवश्यक संशोधन गाउपालिकाको गाउँ सभाले गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ९(क) बमोजिम)

स्थानीय प्रहरी सहायक निरीक्षक पंदको लागि आवश्यक न्यूनतम योग्यता :

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म २० बर्ष उमेर पुगेको र ३० बर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला स्थानीय प्रहरीको हकमा ३५ बर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त विश्व विद्यालयंबाट कम्तिमा स्नातक वा सो सरह उत्तिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३२, तौल ५० के.जी. भएको ।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

अनुसूची - १(क) मा जुनसुकै कुरा लेखिएका भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

# अनुसूची -२

## (दफा ९(ख) बमोजिम)

स्थानीय प्रहरी हवल्दार पदको लागि आवश्यक न्यूनतम योग्यता :

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुगेको र ३० बर्ष ननाघेंको । वहालवाला स्थानीय प्रहरीको हकमा पुरुषको हक ३५ बर्ष, महिलाको हकमा ४० बर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त विश्व विद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३२, तौल ५० के.जी. भएको ।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

अनुसूची - १(क) मा जुनसुकै कुरा लेखिएका भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भईसकेकाको हकमा ४१ बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

## अनुसूची -३

(दफा ९(ग) बमोजिम)

स्थानीय प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता :

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुगेको र २५ बर्ष ननाघेको ।

(ख) कम्तिमा एस.ई.ई / एस.एल.सी वा सो सरह उत्तिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३२, तौल ५० के.जी. भएको ।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

अनुसूची - १(क) मा जुनसुकै कुरा लेखिएका भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ३७ बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

## अनुसूची -४

(दफा ९(घ) बमोजिम)

स्थानीय प्रहरी कार्यालय सहयोगी (ब.का.सी) पदको लागि आवश्यक न्यूनतम योग्यता :

(क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुगेको र ४० बर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला स्थानीय प्रहरीको हकमा ३५ बर्ष ननाघेको ।

(ख) कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक दल र सो दलको भातृ सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३२, तौल ५० के.जी. भएको ।

(छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

(ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

अनुसूची - १ (क) मा जुनसुकै कुरा लेखिएका भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ बर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

**प्रमाणिकरण मिति :- २०७९।१०।०५**

**प्रकाशित मिति :- २०७९।१०।०५**

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत